# १०. श्री द्रोणशमशेर ज.ब.रा.

*[संवत् २०४० सालको 'मदन पुरस्कार' 'अलिखित' भन्ने ग्रन्थका लागि त्यसका रचयिता श्री ध्रुवचन्द्र गौतमलाई समर्पण गर्न संवत् २०४१ साल आश्विन १३ गते रोज ७ का दिन आयोजित समारोहमा श्री द्रोणशमशेर ज.ब.रा. 'प्यारु राजा'ले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क १०० बाट उद्धृत गरिएको हो।]*

सम्माननीया जगदम्बा मुमाज्यू, उपस्थित साहित्यप्रेमी सज्जन तथा महिला वृन्द !

साहित्यिकहरूको यस्तो प्रबुद्ध जमघटमा आफू सम्मिलित हुन नपाएको धेरै वर्ष भयो। साहित्य-जगतमा आफू सक्रिय रूपमा सम्मिलित हुन नपाएको भए पनि राजनीति साहित्यबाट धेरै टाढा बस्ने चीज हैन। दुवै आ-आफ्ना फाँटबाट समाजकै सेवा गरिरहेका हुन्छन्। साहित्यिक सृजना समाजको जुन कल्पना गर्ने गर्छ, राजनीति त्यसको प्राप्तिमा सङ्घर्षशील बनेको हुन्छ। साहित्यभित्र सधैँ यी चल्ने चर्चा हुन् तर यस्तो साहित्यिक संस्थाका सचिवले नेपाली कवि-लेखकका प्रतिनिधि भै यस विद्वद् मण्डलीलाई सम्बोधन गर्न अनुरोध गर्नुभएकोमा मैले गौरवको अनुभव गरेको छु। दीक्षितजीको यस आग्रहले देशका अग्रज साहित्यिकहरूसँग नजिकबाट परिचित हुने मैले एउटा मौका पाएको छु। साहित्य, कला र संस्कृति त्यो देशको आत्मा हो। भनिन्छ उपन्यास गद्य लेखनको सर्वोच्च उपलब्धि हो र यस हेराइमा उपन्यास आधुनिक महाकाव्य पनि हो। गद्य लेखनको निर्मल र स्वच्छन्द शैलीमा उपन्यास समाजलाई सिङ्गो रूपमा उभ्याएर भोलि कस्तो समाजको निर्माण हुँदै छ देखाउने गर्दछ। नेपाली उपन्यास यस फाँटमा कति अगाडि बढ्न सकेको छ, साहित्यभित्रको लेखाजोखाको कुरा छ।

तर, आज म यहाँ आफ्नो कुरा भन्न होइन, अरूका कुरा सुन्न उपस्थित भएको छु। यसरी भेला भएर हामी राजनैतिक क्षेत्रका व्यक्तिहरू साहित्यको चर्चा गर्दैनौं, तर नेपाली साहित्यमा के हुँदैछ भन्न कुरामा बेलामौकामा, हाम्रो ध्यान नजाने होइन। आज म बुज्दै छु वि.सं २००० सालतिरको नेपाली साहित्यले आज कत्रो फटको

मारिसकेछ । मेरो कथासङ्ग्रह अब 'अबला' रहिनछिन्, मदन पुरस्कार पुस्तकालयमा उनी जस्ता उनका सहयोगी नेपाली कितापको सङ्ख्या एघार हजार पुगिसकेछन् ! नेपाली भाषाको साहित्यका सेवकले पाउने पुरस्कारको सङ्ख्या पनि दुई दशक पुग्न लागिसकेछ ।

साहित्यिकहरूको सम्मान गर्ने नेपालमा आज धेरै पुरस्कारहरू छन्, तर मलाई ठूलो खुसी केमा लागेको छ भने यस्ता यी स्वनामधन्य अनेकौं पुरस्कारहरूका अग्रज भएर २०१२ सालमा 'मदन पुरस्कार' आएको थियो ।

पूजनीया मुमा, हजुरबाट संस्थापन गरिबक्सेको यो पुरस्कारको महत्त्व हुने थिएन, यदि आजका पुरस्कार विजयी विद्वान्हरू जस्ता मानिसहरूले यसलाई आत्मसात् नगरेका भए। पुरस्कारको आकर्षणले मात्र कसैले लेख्तैनन्। अत: यहाँ पुरस्कारको मात्र महत्त्व गौण हुन्छ । त्यसैले नेपाली भाषा र साहित्यप्रेमी डा. ध्रुवचन्द्र गौतम जस्ता कवि-लेखकहरूको प्रादुर्भावले हाम्रो देशको उज्जवल भविष्यको सङ्केत गर्दछ । डा. साहेब मेरो छिमेकी जिल्लाबाट आउनुभएको हो र उहाँको यो चित्रण विकासशील देशहरूका कुनै पनि गाउँ-घरमा घटाउन सकिन्छ ।

एकपटक फेरि डा. गौतमलाई हार्दिक बधाई ज्ञापन गर्दै, यस विद्वान्मण्डलीमा आई बोल्ने चाँजो मिलाइदिनुभएकोमा सम्बन्धित सबै महानुभावहरूलाई धन्यवाद दिन चाहन्छु । जय नेपाल !

☒ ☒ ☒